धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान १२ सुनसरी
१ नं. प्रदेश नेपाल

# धरान उपमहानगरपालिकाको अनुरोध

प्रस्तुत सन्दर्भमा अव्यवस्थित वसोवास तथा सुकुम्वासी समस्या राष्ट्रिय स्तरको समस्या हो । नेपालको संविधानले सुकुम्वासी व्यवस्थापनको काम संघ, प्रदेश र स्थानीय तहको साझा सूचिमा राखेको हुँदा यसको काम राष्ट्रिय स्तरबाट सुरु हुनुपर्नेमा राष्ट्रिय स्तरमा र प्रदेश स्तरमा भर्खरमात्र सुकुम्वासी समस्या समाधान आयोग गठित भएको र त्यसको काम कार्वाहिको बारेमा हाल सम्म धरान उपमहानगरपालिका आई सकेको छैन् । तर हाल विभिन्न वस्तीहरुमा केहि व्यक्ति र संस्थाहरुले आयोगको नामबाट विभिन्न भ्रामक समचारहरु प्रचार प्रसार गर्ने, समिति गठन गर्ने जस्ता कार्यहरु गर्ने गरेको भन्ने र वुझिन आएकोले त्यस्तो भ्रामक कुराको पछाडि नलाग्न नगरपालिका सवैमा हार्दिक अनुरोध गर्दछ । राष्ट्रिय तथा प्रदेश स्तरमा गठन भएको आयोगको कुनै निर्णय तथा काम कार्वाहिहरुको जानकारी नगरपालिकालाई प्राप्त भएपछि सम्बन्धित वडा कार्यालय मार्फत सवैलाई जानकारी हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२०७७।११।८

गणेशप्रसाद खतिवडा
वरिष्ठ प्रशासकिय अधिकृत